Govt. Reg. No. 149/053/054

# नेपाल मानव अधिकार संगठन
# HUMAN RIGHTS ORGANISATION OF NEPAL

HURON

Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं
Central Office, Anamnagar, Kathmandu

मिति-२०७६/११/२५

## ८ मार्च
## अन्तर्राष्ट्रिय महिला दिवशको शुभकामना

सन १९९५ मा चीनको वेईजिङमा संयूक्त राष्ट्रि संघिय महिला सम्मेलन सम्पन्न भएको २५ वर्ष पुगेको छ । उक्त सम्मेलनले हरेक राष्ट्रको भविश्य त्यहाँका महिलाको अवस्थामा निर्भर गर्छ भनेको थियो । आज २५ वर्ष पछि त्यो थप जोडदारका साथ देहोर्‍याउनु पर्ने अवस्था आएको छ । नेपालमा त झन कहालिलाग्दो अवस्था छ ।

नेपालको संविधान, मानव अधिकारको विश्वव्यापी घोषणापत्र एवं अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले महिलालाई पर्याप्त अधिकार दिए पनि व्यवाहारमा लागि गर्न कठिन भएको छ । मुलुकको नीति निर्माण तह मन्त्रिपरिषद्, निजामति सेवा, सुरक्षा निकायमा महिलाको कमजोर उपस्थिति रहनु, ३३ प्रतिसत् महिला सहभागिता र छोरासरह संपतिमा हक भनिए पनि लागु हुन नसक्नु, घरेलु हिसां, महिला वेचविखन कायमै रहनु , ठूल्ठूला महिला हिंसा घरभित्रै हुनु र दोषीले उन्मुक्ती पाईहाल्ने कमजोर कानूनी धरातल रहनु, दहेज, वोक्सी, छाउपडि, मात्रृमृत्यू तथा गर्भमा लिङ्ग परिक्षणजस्ता अपराधले नेपालमा मात्र हैन विश्वभरि नै महिला अधिकारलाई कमजोर वनाएको छ ।

आज पनि महिलामाथि हुने सवै प्रकारका अन्याय, अत्याचार, आर्थिक, राजनीतिक तथा सामाजिक विभेदका विरुद्ध आवाज उठाउन आवस्यक भएको र महिला आत्मनिर्भरता तथा उच्च शिक्षामा पहुँचले अधिकार संरक्षण गर्न वलपुग्ने छ भन्ने विश्वास सहित नेपाल मानव अधिकार संगठन अन्तर्राष्ट्रिय महिला दिवसको सुभकामना व्यक्त गर्दछ ।

भवदीय

महामुनीश्वर आचार्य
अध्यक्ष